# खिजीदेम्वा गाउँपालिका
# खिजीफलाटे, ओखलढुंगा
# कोशी प्रदेश, नेपाल

## स्थानीय राजपत्र

भागः१ खण्डः५ संख्याः४ मितिः२०८०/१२/१२

**कार्यपालिकाबाट जारी नियमावली निर्देशिका र कार्यविधिहरु नेपालको संविधानको धारा २२६ बमोजिम खिजीदेम्वा गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## खिजीदेम्वा गाउँपालिकाको कृषि तथा पशुपन्छी नीति -२०८०

## १. पृष्ठभूमि

खिजीदेम्बा गाउँपालिकाको अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिने तथा ठूलो संख्यामा जनसंख्या आश्रित भएको कृषि क्षेत्रले जीविकोपार्जन र रोजगारीका लागि महत्वपुर्ण भूमिका निर्वाह गरेको छ। नेपालको संविधानले प्रत्याभुत गरेको खाद्य सम्बन्धी हकलाई व्यवहारमा उत्तार्न यो क्षेत्रको नै महत्वपूर्ण भुमिका छ। आर्थिक वृद्धिको अवसर समन्यायिक ढंगले वितरण गर्न पनि ग्रामीण अर्थतन्त्रको मुल आधार रहेको कृषि क्षेत्रको विकासले नै सम्भव बनाउछ। पारिवारिक खेती प्रणालीको प्रबर्द्धन गरी घरायसी स्तरमा खाद्य तथा पोषण सुरक्षा गर्ने आवश्यकता एकातिर छ भने अर्कोतिर तुलनात्मक लाभका आधारमा कृषि उपजको प्रतिस्पर्धी क्षमता बढाएर उत्पादन र उत्पादकत्व वृद्धि गरी मुलुकलाई खाद्यान्नमा आत्मनिर्भर बनाउने र निर्यात प्रवर्द्धन गर्ने चुनौती हाम्रो सामु खडा छ। कृषि प्रणालीको विशिष्टतामा रहेर विविधतायुक्त भौगोलिक र कृषि पर्यावरणीय अवस्था अनुरुप जलवायु मैत्री प्रविधि र स्वच्छ खाद्य उत्पादन पद्धति अवलम्बन गरी दीगो कृषि प्रणालीको विकास गर्ने आवश्यकता समेत टड्कारो रहेको छ।

विद्यमान समस्या तथा चुनौतिलाई आत्मसात गर्दै उपलब्ध श्रोत, साधन र तुलनात्मक लाभको समुचित प्रयोग गरी कृषि पेशालाई व्यावसायिक र मर्यादित पेशाको रुपमा स्थापित गर्न सकिने प्रशस्त सम्भावनाहरु पनि रहेका छन्। त्यसैले समय अनुकुल कृषिमा व्यावसायीकरण, विविधिकरण र आधुनिकीकरण गर्दै युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गरी कृषिलाई आत्मनिर्भर र प्रतिस्पर्धी बनाउनु अहिलेको आवश्यकता हो। यहि वस्तुस्थितिलाई मध्यनजर राख्दै कृषि क्षेत्रमा प्रभावकारी योजना र कार्यक्रम संचालनार्थ मार्गदर्शक नीतिहरुको आवश्यकता पर्दछ। यसर्थ देशको संविधान, परिवर्तित राज्य प्रणाली तथा वर्तमान समयले माग गरेका विषयहरु सम्बोधन गर्दै कृषि क्षेत्रले समाउनुपर्ने स्पष्ट मार्ग सहितको कृषि नीतिको आवश्यकता रहेको छ।

## २. विगतका प्रयासहरु कृषि क्षेत्रमा प्रभावकारी योजना र कार्यक्रम संचालनार्थ मार्गदर्शक नीतिहरुको आवश्यकता पर्दछ।

यसै सन्दर्भमा नेपाल सरकारले विगत वर्षहरुवाट नै कृषिसँग सम्बन्धित विभिन्न नीतिहरु तर्जुमा गरी कार्यान्वयनमा न्याएको छ। सरकारले सन् १९९५ मा पारित गरी सन् १९९७ बाट कार्यान्वयनमा ल्याएको दीर्घकालिन कृषि योजनाले कृषि क्षेत्रको विकासलाई मार्गनिर्देश गरेको थियो। समसामयिक परिस्थितिलाई मध्यनजर गर्दै नेपाल सरकारले राष्ट्रिय कृषि नीति, २०६१ जारी गरेको थियो, जसले हालसम्म पनि विभिन्न

योजना र अन्य नीतिहरुलाई निर्देशित गरेको छ। कृषि सुशासन, उच्च उत्पादकत्व, व्यावसायिकरण र प्रतिस्पर्धात्मकतामा केन्द्रित रही समावेशीकरण, दिगोपना, निजी तथा सहकारी क्षेत्रसँग सहकार्य एवं पूर्वाधारको विकासलाई आत्मसात् गर्दै खाद्य तथा पोषण सुरक्षा गर्ने, गरिबी निवारणमा सघाउने, कृषि व्यवसायमा प्रतिस्पर्धात्मक क्षमता बढाउने, उच्च तथा समतामूलक आयको सुनिश्चित गर्ने र किसानहरुका अधिकार सुरक्षित बनाउने उद्देश्यका साथ कृषि विकास रणनीति स्वीकृति भई कार्यान्वयनको क्रममा रहेको छ। यस रणनीतिको प्रभावकारी कार्यान्वयनबाट कृषि क्षेत्रका प्रमुख समस्याहरु समाधान भई आशातित उपलब्धि हासिल हुने अपेक्षा राखिएको छ। यसै परिप्रेक्षमा राष्ट्रिय कृषि नीति, २०६१ लाई कृषि विकास रणनीतिसँग समेत तालमेल गराई समयानुकुल परिमार्जन गर्नुपर्ने आजको आवश्यकता रहेको छ ।

**३. वर्तमान स्थिति**

विगतको तुलनामा कृषि क्षेत्रको समग्र विकासमा केहि सुधार देखिएपनि भौगोलिक विकटता, पूर्वाधारको कमी, उन्नत प्रविधिको सिमित प्रयोग, भूमिको बढ्दो खण्डिकरण, प्रसार सेवाको सीमितता, बसाईसराईका कारण उत्पादनसिल जमिन बाँझो रहने समस्या आदिका कारण आशातित उपलब्धि हासिल हुन सकेको छैन । उत्पादनका साधनको रुपमा रहेको जमिन र ठुलो संख्याका उत्पादक शक्तिको रुपमा रहेको किसानलाई जोडेर उत्पादन वृद्धि गरी राष्ट्रिय पूँजीको सृजना गर्न सकिन्छ। यसका लागि कृषिको व्यावसायीकरण, आधुनिकीकरण तथा औद्योगिकीकरण गर्दै देशलाई कृषिजन्य वस्तुमा आत्मनिर्भर बनाउँदै निर्यात प्रबर्द्धन र आयात प्रतिस्थापन गरी समाजको अग्रगामी रुपान्तरणको दिशामा अघि बढ्नु आजको आवश्यकता हो। नेपाल विश्व व्यापार सङ्गठन तथा विश्व पशु स्वास्थ्य सङ्गठनको सदस्य राष्ट्र भएपश्चात त्यस्तो राष्ट्रका हैसियतले कृषि तथा पशु विकास क्षेत्रमा पूरा गर्नुपर्ने दायित्व निर्वाह गर्न विकासका विभिन्न साझेदारहरुसँग समन्वय गर्दै कृषि तथा पशुपंक्षी विकासका कार्यहरु गर्नुपर्ने देखिन्छ। त्यस्तै दिगो विकासको लक्ष्य प्राप्त गर्न कृषि तथा पशुपन्छी विकास कार्यक्रमको ठुलो भूमिका रहन्छ। कृषि तथा पशुपंक्षी क्षेत्रको विकासमा सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको लगानी समुचित रुपमा वृद्धि गरी देशलाई कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाउन सकिने आवश्यकता र सम्भावना छ । यसबाट गा.पा. को साथै प्रदेश र देशको आर्थिक वृद्धिमा योगदान मात्र नभई समावेशी समतामुलक समाजको रुपमा आर्थिक वृद्धिको प्रतिफल जनताहरुमा पुर्याउन सकिने अवसर रहेको छ ।

## ४. समस्या र चुनौती

राष्ट्रिय कृषि नीति, २०६१ नेपाल सरकारबाट स्वीकृत भै लागु भएको सोह्र वर्ष भैसकेको छ। यी वर्षहरुमा कृषि क्षेत्रमा नयाँ नयाँ चुनौति र अप्ठेराहरु थपिएका छन् । एकातर्फ राष्ट्रिय आयमा कृषि क्षेत्रको हिस्सा निरन्तर कम हुँदै गैरहेको छ भने अर्कोतर्फ त्यसको तुलनामा यस क्षेत्रमा संलग्न जनसंख्या न्यून गतिमा मात्र कमी भएको छ । यी वर्षहरुमा कृषि क्षेत्रको उत्पादकत्व र यसबाट हुने आम्दानीमा उल्लेखनीय ढंगबाट वृद्धि हुन नसक्नाले वैदेशिक रोजगारी प्रतिको आकर्षण ह्वात्तै बढेको छ। पछिल्ला वर्षहरुमा नेपालको अर्थतन्त्रमा विप्रेषणको भूमिका बढ्दै गएको तथ्यबाट पनि यो विषयको पुष्टि हुन्छ तर विश्वव्यापी महामारीले निम्त्याएको संकटका कारण रोजगारीको यो श्रोत पनि अनिश्चितताबाट गुज्रिएको परिप्रेक्ष्यमा कृषि क्षेत्रबाट रोजगारीको अवसर सिर्जना गर्नुपर्ने बाध्यता आईपरेको छ। यस अवस्थाले कृषि क्षेत्रलाई नाफायुक्त पेशामा रुपान्तरण गरी रोजगारी श्रृजना गर्ने, उत्पादनशील बाँझो जमिनलाई उपयोग गर्ने, गा.पा. हुदै प्रदेश र राष्ट्रलाई नै प्रमुख खाद्य वस्तुमा आत्मनिर्भरता बढाउने नीति आवश्यक देखिन्छ। तसर्थ कृषि पेशाबाट हुने नाफाको सुनिश्चितता गर्दै युवालाई कृषि क्षेत्रमा आकर्षण गराउनु आजको आवश्यकता हो ।

## ५. कृषि नीतिको आवश्यकता

नेपाल सरकारले विगत वर्षहरुवाट नै कृषिसँग सम्बन्धित विभिन्न नीतिहरु स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। राष्ट्रिय कृषि नीति, २०६१ ले हालसम्म पनि विभिन्न योजना र अन्य नीतिहरुलाई निर्देशित गरेको छ। तर नेपालको संविधान, २०७२ मा उल्लेखित कतिपय विषयहरु विद्यमान राष्ट्रिय कृषि नीतिले यथोचित रुपमा सम्बोधन नगरेकोले उक्त विषयहरु संलग्न गर्नुपर्ने आवश्यकता बन्न पुगेको छ। कृषि नीति निर्माण गर्दा ध्यान दिनुपर्ने नेपालको संविधानमा उल्लेख भएका कृषि क्षेत्रसँग प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सम्बन्धित मौलिक हक, निर्देशक सिद्धान्त तथा नीतिहरु समेतलाई कृषि नीतिले सम्बोधन गर्नुपर्ने छ। कृषि क्षेत्र विकासको योजना, प्रबर्द्धनात्मक तथा नियमन कार्यहरु संविधानका अनुसूचीहरु ५ देखि ९ र कार्यविस्तृतीकरणको प्रतिवेदनले तीन तहका सरकारमा विभाजन गरेको परिप्रेक्ष्यमा कृषि नीतिले तीन तहका सरकारको भूमिकालाई समेत सम्बोधन गर्नुपर्ने आवश्यकता छ ।

कृषि सुशासन, उच्च उत्पादकत्व, व्यावसायिकरण र प्रतिस्पर्धात्मकतामा केन्द्रित रही २० वर्षे रणनितिक योजनाको रुपमा कृषि विकास रणनीति स्वीकृति भई कार्यान्वयनको क्रममा रहेको छ। यसै परिप्रेक्ष्यमा राष्ट्रिय कृषि नीति, २०६१ लाई कृषि विकास रणनीतिसँग तालमेल मिलाई समयअनुकुल वनाउनुपर्ने आवश्यकता रहेको छ। दिगो विकास लक्ष्यलाई आधार मानी विद्यमान राष्ट्रिय कृषि नीतिका लक्ष्य, उद्धेश्य र नीतिहरु परिमार्जन गर्नुपर्ने समेत देखिन्छ। हालको राष्ट्रिय कृषि नीतिमा सहस्राब्दी विकासका लक्ष्यहरु लगायत अन्य कतिपय ठाउँमा पुराना राष्ट्रिय प्राथमिकताहरु तोकिएकोमा दीगो विकास लक्ष्य, बहुक्षेत्रीय पोषण योजना (दोश्रो), कृषि विकास रणनीति लगायत हालको परिप्रेक्ष्यमा कृषि क्षेत्रले योगदान दिने नयां राष्ट्रिय प्राथमिकताका विषय समावेश गर्नुपर्ने छ।

पन्ध्रौं आवधिक योजनालाई मनन र समिक्षा गरि र निर्णाणोन्मुख सोह्रौ योजना तयार गर्ने क्रममा पाच वर्षको कृषि तथा खाद्य पोषण सुरक्षाको रणनीति कार्यनीतिको साथै  वि सं २१०० सम्मको दीर्घकालीन **समृद्ध नेपाल, सुखी नेपालीको** वृहत अवधारणा बमोजिम कृषि क्षेत्रले अपनाउनुपर्ने मार्गचित्रको खाका परिमार्जित कृषि नीतिले स्पष्ट पार्नुपर्ने आवश्यकता छ । वर्तमान परिवर्तनीय परिस्थितमा उत्पन्न भएका समस्या र चुनौतिहरु तथा कृषि क्षेत्रले सम्बोधन गर्नुपर्ने मुद्दाहरु हालको राष्ट्रिय कृषि नीतिमा यथोचित रुपमा समेटिएको छैन भन्ने विषय सरोकारवालाहरुबाट पटक पटक उठाइरहेको परिप्रेक्ष्यमा तिनलाई मिहिन ढंगले विश्लेषण गरी नयाँ नीतिमा समावेश गर्नुपर्ने देखिन्छ ।

**मार्गदर्शक सिद्धान्त**

नेपालको कृषि तथा पशुपन्छी क्षेत्र जटील र विविधतायुक्त छ । भूमिहिन श्रमिक र सीमान्तकृत किसान देखि साना, मझौला, ठुला व्यावसायिक किसानहरु भिन्न भिन्न चरित्र बोकेर कृषि उत्पादनमा संलग्न छन् । विगत केही वर्षदेखि यूवाहरुद्वारा सञ्चालित प्रविधि केन्द्रित कृषिजन्य उत्पादनका साथै कर्पोरेट उत्पादनको पनि केही दृष्टान्त पाइन्छ।

नेपालमा कृषि उत्पादन मुलभूत रुपमा के का लागि भन्ने विषयमा विभिन्न तर्कहरु विद्यमान छन्। करिव साठ्ठी प्रतिशत कृषि पेशामा  संलग्न कृषकले शरिरको आवश्यकता अनुसारको न्यूनतम पोषण भएको पर्याप्त खाद्य

पदार्थ उपभोग गरेर बांकी चालिस प्रतिशत खेती र पशुपन्छीपालन नगर्ने जनतालाई समेत उपलब्ध गराउनु नै आजको कृषि क्षेत्रको मूल कार्यभार हो।

कृषि पेशामा संलग्न कृषक मध्ये आधा भन्दा बढी जीविकोपार्जनमुखी कृषि प्रणालीमा आबद्ध छन्। तिनीमध्ये अधिकांश कृषकको पारिवारिक खाद्यपोषणको माग पनि आफ्नो उत्पादनले धान्न सकेको छैन। तिनीहरु अधिकांश कृषकले आम्दानीका लागी अन्य पेशा (खासगरी विभिन्न किसिमको औपचारिक र अनौपचारिक श्रम) मा भर पर्नुपरेको छ। तिनीहरु कृषिजन्य बजार प्रणालीसँग समेत आबद्ध हुन सकेका छैनन् । तिनीहरुलाई कृषि क्षेत्रबाट बाहिर ल्याई रोजगारीका अन्य क्षेत्रमा लगाउनुपर्ने आवश्यकता छ भन्ने सैद्धान्तिक कुरा सुनिने गरेको भएता पनि उत्पादनमूलक उद्योगको वृद्धिको गति न्यून भएको र विस्तारित सेवा क्षेत्रले त्यस्तो जनशक्तिलाई साहै कम मात्र रोजगारी दिने अवस्था छ। त्यसैले त्यस्ता जनशक्तिको ठुलो हिस्सा भारतको सस्तो श्रमबजारमा र केही खाडी मुलुकमा जान बाध्य छन्। फलस्वरुप त्यस्तो खेती प्रणाली क्रमशः भत्कने क्रममा छ। तर तिनले आंशिक रुपमा भएपनि देशको कुल परिवारमध्ये ठुलो संख्यामा पारिवारिक, गैह्र रासायनिक खेती प्रणाली मार्फत पारिवारिक स्तरमा खाद्य पोषण सुरक्षामा ठुलो योगदान पुर्याइरहेकाले तिनको खेती प्रणाली भत्कन नदिने नीति अवलम्बन गर्नुपर्ने आवश्यकता छ। तर देशभित्रै कृषकको आम्दानी बढाउने बैकल्पिक उपाय नअपनाउने हो भने ती कृषि कर्ममा टिकिरहन सक्ने अवस्था भने छैन ।

हाम्रा नीति, कार्यक्रम, बजेट तथा सेवाको प्राथमिकता मुलतः त्यस्ता प्रकृतिका कृषक समक्ष पुग्न सकेको छैन। खासगरी स्थानीय तहले नै तिनको हितमा बढी काम गर्नुपर्ने देखिन्छ। आफुले उत्पादन गरेको कृषि तथा पशुपन्छीजन्य उत्पादन परिवारमा उपभोग गरी बाकी रहेका उत्पादन बजारमा विक्री गर्ने अर्धव्यावसायिक साना र मझौला व्यावसायिक खेती र पशुपन्छी पालनको प्रणालीमा आबद्ध कृषकहरु नै मुलतः औपचारिक वा अनौपचारिक बजार प्रणालीमा उत्पादन आपूर्ति गर्ने कृषक हुन्। तर यिनीहरुले उत्पादन सामाग्री, प्राविधिक, वित्तीय तथा विमा सेवा भनेजति र आवश्यक समयमा पाउन कठिन भएको अवस्था छ। असंगठित, टुक्रे उत्पादन प्रणाली, प्रविधिको कम प्रयोग र बजारिकरणका पात्रहरुसँगको अन्यायपूर्ण सम्बन्ध तथा बजारिकरणको प्रतिस्पर्धामा न्यून सिपको कारणले बजारले तिनलाई उचित प्रतिफल दिएको छैन । माथि उल्लेखित विषयहरुको व्यवस्था गरी र बजारिकरणलाई व्यवस्थित र नियमन गर्न सक्ने हो भने यो वर्ग नै व्यावसायिकताको स्तर वृद्धि गर्ने तथा उत्पादकत्व वृद्धि गर्न सकिने सम्भावित कृषक हुन् । यो वर्गको उन्नतिले देशभित्र उत्पादन वृद्धि गर्ने,

कृषिजन्य साना उद्यम स्थापना गर्न सहयोग गर्ने र ठुलो संख्याका जनसंख्यालाई कृषि क्षेत्रमा रोजगारी प्रदान गर्न सकिन्छ। तर खाद्य बस्तुको वर्षेनी वृद्धि भइरहेको तीव्र मागलाई आपूर्ति गर्न तत्कालै यो वर्गको उत्पादनले मात्र सम्भव हुँदैन । यिनको उत्पादकत्व र आयात हुने विदेशी उत्पादनसँगको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्न सघन प्रयास केही वर्षहरुसम्म निरन्तर चाहिन्छ ।

कृषि तथा पशुपन्छीजन्य उत्पादनमा देखिएको वैदेशिक व्यापार घाटा छोटो समयमा नै कम गर्न पूर्ण व्यावसायिक स्वरुप प्रदान गरेका कृषि तथा पशुपन्छीजन्य इकाइहरु सम्भावना बोकेका क्षेत्र हुन्। यिनको व्यवसायको स्तर, प्रविधिको प्रयोग र प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्दै राष्ट्रिय उत्पादनमा वृद्धि र बिदेशी आयातित कृषिजन्य उत्पादनलाई प्रतिस्थापन गर्न सकिन्छ। यिनीहरुलाई उत्पादन सामाग्रीको स्वदेशमै उपलब्धता र तिनको गुणस्तरको प्रत्याभूति, व्यवसायलाई आवश्यक सीप भएको जनशक्ति उत्पादन, प्रविधि र यन्त्र औजारको उपलब्धता, असल अभ्यास र नवप्रवर्तनमा प्रोत्साहनको आवश्यकता पर्दछ। कृषि तथा पशुपन्छीजन्य उत्पादनमा लगानीमैत्री वातावरण सिर्जना गर्न व्यावसायिक कृषि क्षेत्र सहयोगी कर, व्याजदर छुट, वित्त र विमा प्रणालीको सुदृढिकरण, करार व्यवस्था, मूल्य श्रृंखला सूधार, बजार ज्ञान, बजारिकरणका पूर्वाधार र बजार नियमन, उत्पादनको गुणस्तर नियन्त्रण गर्ने संस्थागत व्यवस्था लगायतका क्षेत्रमा सार्वजनिक प्रयास हुनु पर्दछ। जिविकोपार्जन र अर्धव्यावसायिक कृषि तथा पशुपन्छी उत्पादन प्रणालीमा संलग्न हुनेको तुलनामा पूर्ण व्यावसायिक उत्पादकहरुको संख्या थोरै हुने भएकोले ठुला व्यावसायिक कृषि प्रणालीको विकासले तुलनात्मक रुपमा सिमित व्यवसायीहरु नै आर्थिक रुपमा लाभान्वित हुने जोखिम हुन्छ। तसर्थ हाम्रो सन्दर्भमा कृषि विकासमा संलग्न सबै स्तरका कृषकहरुको आ-आफ्नो महत्व हुने भएकोले राज्यको भूमिकालाई सबै प्रणालीमा आबद्ध कृषकहरु प्रोत्साहित र लाभान्वित हुने गरी सन्तुलित हुनुपर्दछ। तर देशको कृषि क्षेत्र विकास प्रयासको दिर्घकालीन र पहिलो प्राथमिकता ठुलो संख्यामा रहेका कृषकहरुको संरक्षण गरी तिनलाई रोजगारी र कम्तिमा पनि जिविका चलाउन पुग्ने गरी बचतको प्रत्याभूत गर्ने हुनु बाञ्छनीय छ।

**६. लक्ष्य**

कृषि क्षेत्रलाई आत्मनिर्भर, प्रतिस्पर्धी, दिगो र सम्मानित पेशाका रूपमा विकास गरी रोजगारी सिर्जना, खाद्य तथा पोषण सुरक्षा र जीवनस्तर सुधारको माध्यमबाट समतामूलक आर्थिक विकासमा योगदान गर्ने ।

**७. उद्देश्यहरू**

१. कृषि क्षेत्रलाई संरक्षण गर्दै कृषकका उत्पादनमा बचतको सुनिश्चितता प्रत्याभूत हुने गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धिको माध्यमबाट आधारभूत खाद्य बस्तुहरुमा आत्मनिर्भर हुने।

२. कृषि जैविक विविधताको संवर्द्धन, प्रवर्द्धन र सदुपयोग, जलवायु मैत्री प्रविधि र स्वच्छ खाद्य उत्पादन पद्धति अवलम्बन गरी दिगो कृषि प्रणालीको विकास गर्ने।

३. कृषिलाई व्यावसायीकरण, बजारिकरण र औद्योगीकिकरणको विकास गरी प्रतिस्पर्धी कृषि प्रणालीको विकास गर्नुका साथै तुलनात्मक लाभ भएका बाली वस्तुहरूको निर्यात प्रवर्द्धन गर्ने।

४. तीनै तहका सरकार र कृषि सम्बद्ध सरोकारवालाहरू बिच समन्वय र सहकार्य गर्दै कृषि प्रबर्द्धन तथा नियमन लगायतका सेवा प्रवाहलाई प्रभावकारी बनाउने ।

**८. नीतिहरु**

**८.१. कृषि क्षेत्रलाई संरक्षण गर्दै कृषकका उत्पादनमा बचतको सुनिश्चितता प्रत्याभूत हुने गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धि को माध्यमबाट आधारभूत खाद्य बस्तुहरुमा आत्मनिर्भर हुने ।**

**क) आत्मनिर्भरताको रणनैतिक दिशा र अनुदानको प्रकृति ।**

८.१.१. कृषि क्षेत्रका कानून, संस्थागत, संरचनागत र जनशक्ति विकासका कार्यहरु तथा विकास कार्यक्रमहरु किसानलाई न्यूनतम बचत हुने खालको उत्पादन, प्रशोधन, वितरण र बजारिकरण व्यवस्था विकास गर्ने तर्फ लक्षित गर्दै **"संरक्षित कृषि, सुनिश्चित बचत"** अवधारणामा केन्द्रित गरिनेछ ।

८.१.२. कृषि क्षेत्रलाई बढि उत्पादनशील र नाफामूलक बनाउन सिमित व्यक्ति लाभान्वित हुने व्यक्तिगत फार्म तथा व्यवसाय स्तरका प्रतिस्पर्धात्मक अनुदान पद्धतिलाई सुधार गरि सबै किसान तथा व्यवसायी लाभान्वित

हुने साथै उत्पादन लागत घटाउन सकिने गरि उत्पादन सामाग्रीहरुमा अनुदान केन्द्रित गरिनेछ। तिनलाई सर्वसुलभ बनाइनेछ।

८.१.३. उत्पादन वृद्धि गर्न उत्प्रेरित गर्नुपर्ने, मूल्यमा प्रतिस्पर्धात्मकता वृद्धि गर्नुपर्ने, निकासीलाई प्रवर्द्धन गर्नुपर्ने र कुनै खास क्षेत्र, समुदाय तथा बाली बस्तुहरुलाई प्रबर्द्धन गर्नुपर्ने अवस्थामा उत्पादनमा अनुदान दिने रणनैतिक उपाय समेत अपनाइनेछ। सबै प्रकारका अनुदानहरु संघ, प्रदेश र स्थानीय तहबाट दोहोरो नपर्ने गरी समन्वयात्मक ढंगले उपलब्ध गराइनेछ।

८.१.४. बाली, पशुपन्छी तथा मत्स्य उत्पादनहरुलाई उपभोग, उत्पादन र सम्भाव्यताको आधारमा आत्मनिर्भरता हुनुपर्ने, निर्यात गर्ने, औद्योगिक पहिचान भएका र सहायक बाली बस्तु लगायतका विभिन्न वर्गमा पहिचान गरिनेछ।

८.१.५. आत्मनिर्भर हुनुपर्ने बाली बस्तुहरुको उत्पादनको परिमाणको प्रक्षेपण गरी तिनको उत्पादनको सुनिश्चितता गर्ने तथा उत्पादन क्षेत्र र उपभोग क्षेत्र बिच उपयुक्त वितरणको पद्धति व्यवस्था गर्न आवश्यक सहयोग र प्रोत्साहनको रणनीति लागू गरिनेछ।

८.१.६. **गा.पा.लाई कृषि क्षेत्रको एक सेल र सो अन्तरगत प्रत्येक वडालाई एक कृषि विकास इकाइको रुपमा मानी वडागत रुपमा उत्पादनका सम्भाव्य पकेट क्षेत्र विभाजन गरिनेछ।**

एक कृषि विकास इकाइमा उत्पादनको परिमाणका सम्भावित प्रक्षेपण, तिनको लागी आवश्यक प्राविधिक सेवा र जनशक्तिको पहिचान, उत्पादन सामाग्रीको आवश्यकता पहिचान गरी योजना निर्माणको पद्धति अपनाइनेछ। कृषि सेलले सबै कृषि विकास इकाइहरुको एकमुष्ठ उत्पादन सम्भावना र सेवा सामाग्रीको आवश्यक्ताको आधारमा उत्पादन सामाग्रीको उपलब्धता, प्राविधिक जनशक्ति, दक्षता बुद्धि र संस्थागत व्यवस्था, भण्डारण र प्रशोधन व्यवस्था, संकलन तथा बजार संयन्त्र विकास, स्थानीय तह भित्रै र बाहिर आपूर्ति संयन्त्र विकास, मूल्य निर्धारण लगायतका कार्य गरी कृषि उत्पादनलाई आत्मनिर्भर र नाफामूलक बनाउने व्यवस्था गर्नेछन्। यस कार्यमा आवश्यकता अनुसार प्रदेश र संघ सँग सहयोग, सहजीकरण र समन्वयका लागि पहल गरिनेछ।

**ख) प्रसार, अनुसन्धान, शिक्षा र जनशक्ति व्यवस्थापन**

८.१.७. कृषि तथा पशु सेवा प्रसारका कार्यहरु गा.पा. बाट सञ्चालन गर्न प्रत्येक वडामा सामुदायिक कृषि तथा पशु सेवा प्रसार केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ। प्रदेश सरकार अन्तर्गतका जिल्लास्थित निकायहरूले क्षमता विस्तार, तालिम तथा संस्थागत सुदृढिकरणको लागी सहयोग गर्नेछ ।

८.१.८. अनुसन्धानलाई कृषिजन्य मूल्य श्रृंखलामा देखा पर्ने समस्या केन्द्रित बनाउन राष्ट्रिय कृषि अनुसन्धान प्रणालीलाई पुनर्संरचना गरिनेछ। विभिन्न विषयगत क्षेत्रहरुको महत्वलाई उपयोग विषयगत राष्ट्रिय अनुसन्धान प्रतिष्ठानहरु क्रमशः स्थापना गरिने छ ।

८.१.९. अनुसन्धान, शिक्षा र प्रसारका कार्यलाई एकीकृत रुपमा सञ्चालन गर्न ठोस कार्ययोजना निर्माण गरी सो बमोजिम कार्य सञ्चालन गरिनेछ ।

८.१.१०. कृषि प्रविधिको प्रसार कार्यमा कृषक समूह तथा सहकारीहरुलाई प्रमुख माध्यम बनाइनेछ। निजी रुपमा सञ्चालित उत्पादनका साधन आपूर्तिकर्ताहरुलाई समेत उचित स्तरको प्रसार कार्यमा लगाइ तिनको अनुगमन र नियमन कार्य गरिनेछ। स्थानीय तह हरुले आवश्यकता अनुसार करार पद्धति मार्फत समेत प्रसारका कार्य गराइनेछ। कृषि प्रसारमा सूचना प्रविधि तथा आम सञ्चार माध्यमको उपयोग गरिनेछ ।

८.१.११. कृषि, पशुपन्छी तथा मत्स्य उत्पादन, प्रशोधन, बजारिकरण र खाद्य स्वच्छता तथा गुणस्तर व्यवस्थापन लगायतका क्षेत्रमा आवश्यक उच्च र मध्यम जनशक्तिको संख्या, विशेषज्ञता तथा सिपको आकलन गरी सो अनुसार जनशक्ति उत्पादन गरिनेछ । कृषकहरूको पहुँचमा कृषि प्राविधिक पुग्ने गरि वडातहसम्म प्राविधिक संजाल सुनिश्चित गरिने छ।

८.१.१२. किसान र व्यवसायीहरुलाई आवश्यक पर्ने प्रविधि, सेवा दक्षता तथा सिप र ज्ञानको विविधता र सघनतालाई केन्द्रमा राखी स्थानीय माग र सम्भावनाको आधारमा कृषि तथा पशु सेवा प्रसारका विधि र तरिका अपनाइनेछ। सोको लागी संघ र प्रदेश सरकार सँग समन्वय गरी कृषि तथा पशु सेवा प्रसारका बैकल्पिक मोडेलको

लागि पृष्ठपोषण मागिनेछ। गा.पा. को कृषि, पशुपन्छी तथा मत्स्य तर्फको संरचनागत ढाँचा सोही अनुरुप परिमार्जन गरिनेछ।

८.१.१३. समग्रमा प्रति पाच सय कृषकको लागि कम्तिमा एकजना कृषि र एक जना पशुसेवाका प्राविधिकका साथै सम्भाव्य पालिकास्तरमा मत्स्यका प्राविधिक समेत व्यवस्था गर्ने लक्ष्य बमोजिम जनशक्ति व्यवस्थाका विभिन्न उपायहरु अपनाइनेछ। स्थानीय स्तरमा कृषि पशुपन्छी र मत्स्यपालन तथा उद्योग व्यवसाय बजारिकरण र नियमनको क्षेत्रमा प्रदान गर्नुपर्ने सेवाको वर्गीकरण गरी तिनको परिमाण र गुणस्तरको पहिचान गरिनेछ। ती सेवा प्रदान गर्ने जनशक्तिको स्तर,
संख्या र आपुर्तिको प्रक्षेपण गरी जनशक्ति विकास योजना तयार गरिनेछ। ती जनशक्तिहरु संगठन संरचना परिमार्जन गरी लोकसेवा आयोग मार्फत, करार सेवा मार्फत र समुदायमा आधारित संस्थाहरु मार्फत आपूर्ति गरिनेछ ।

**ग) भूमि व्यवस्थापन**

८.१.१४. वैज्ञानिक भू-उपयोग प्रणालीको उपयोग गरी उर्वर कृषि भूमिलाई गैह्र कृषि प्रयोगमा ल्याउन निरुत्साहित गरिनेछ। पहाडी भेगमा भिरालो जमिन व्यवस्थापनको उपयुक्त प्रविधि तथा खेती योग्य जमिनमा कृषि भूमि विकासको उपयुक्त प्रविधि प्रयोग गरि जमिनको वैज्ञानिक प्रयोगलाई बढावा दिइनेछ।

८.१.१५. कृषिको व्यावसायीकरणका लागि भूमिको उपलब्धताको सुनिश्चतता गरिनुका साथै करार, सामूहिक वा सहकारी खेतीका साथै भूमि बैंकको नीति लागू गरी एकीकृत भूमि व्यवस्थापन प्रणालीलाई प्रोत्साहित गरिनेछ । भूमि बैंक, भूमीको चक्लाबन्दी लगायतका भूमि व्यवस्थापन पद्धतिलाइ प्राथमिकताका साथ अघि बढाइने छ ।

८.१.१६. खाली, बाझो, प्रति तथा सीमान्तकृत जग्गाहरुमा कृषि वन प्रणालीलाई प्राथमिकता दिइनेछ ।

**घ) सिँचाइ र बिजुली**

८.१.१७. सतह सिँचाइ, वर्षाको पानी संकलन जस्ता सिँचाइका उपयुक्त प्रविधिहरुको प्रयोग गरी वर्षे भरी सिँचाइ सुविधा उपलब्ध गराइनेछ। पानीको दिगो उपयोगको सुनिश्चितता गरिनेछ ।

८.१.१८. गरिब तथा सिमान्त वर्गलाई समूहगत प्रणाली अन्तरगत न्यायोचित ढंगबाट सिँचाइ सुविधा वृद्धि गर्न आर्थिक सहयोग र प्राविधिक सेवा प्रदान गरिनेछ ।

८.१.१९. ठुला योजनाहरुवाट सिँचाइ पुग्ने क्षेत्रमा उत्पादन क्षमता बढाउने र बजार संयन्त्र सँग जोड्ने कार्यबाट किसानको बचतको मात्रा गुणात्मक रुपमा वृद्धि गर्ने गरी त्यस्ता क्षेत्रमा प्याकेज सहुलियतको रणनीति अपनाइनेछ ।

८.१.२०. सिंचाइ सेवालाई सस्तो बनाउन विद्युत लगायत पूर्वाधार र मेशिन औजारहरुमा अनुदान प्रदान गरिनेछ। साना सिँचाइका प्रविधि विस्तार गरी त्यस्ता सिँचाइको लागी आवश्यक वस्तु तथा सेवाहरुमा अनुदान प्रदान गरिनेछ ।

८.१.२१. खेती, पशुपन्छी तथा मत्स्यपालन कार्यमा विजुलीको प्रयोगलाई प्राथमिकता दिइनेछ। सो को लागी प्रयोग हुने तथा सो उपरान्त संकलन, ढुवानी, विभिन्न स्तरका प्रशोधनका कार्यमा प्रयोग हुने विजुलीमा अनुदान दिई उर्जामा हुने खर्च कम गरिनेछ।

**ङ) उत्पादन सामाग्री (बीउ, बेर्ना, नल, पशपन्छी, माहुरी र गोलाधार, चल्ला, माछाका भुरा आदि) ।**

८.१.२२. कृषकलाई बीउ र प्रविधिमाथिको अधिकार सुनिश्चित गरिने छ । रैथाने बीउ र जातहरूलाइ अनुसन्धानमा प्राथमिकता दिइने छ।

८.१.२३. कृषि बालीका बीउ, घासको बीउ, फलफुल तथा डालेघासका विरुवा वेर्ना उत्पादन गर्ने सरकारी फार्म, किसान, सहकारी र नीजि क्षेत्रलाई प्राविधिक सेवा तथा सहुलियत प्रदान गरी पर्याप्त मात्रामा बीउ बेर्ना उपलब्ध

हुने व्यवस्था गरिनेछ। बीउ क्षेत्रलाई प्रभावकारी नियमनको दायराभित्र ल्याउने पद्धतिको विकास गरिनेछ। बीउ उपयोग गर्ने किसानलाई निश्चित मापदण्डको आधारमा बीउ खरिदमा अनुदान दिने व्यवस्था गरिनेछ।

८.१.२४. कृत्रिम गर्भाधान तथा प्राकृतिक गर्भाधान सेवालाई समुदाय, सहकारी र कृषक समूह मार्फत विस्तार गरिनेछ।

८.१.२५. राष्ट्रिय आवश्यकता अनुसार श्रोत बीउ उत्पादनको लागी आवश्यक प्रजनन र मूल बीउको उत्पादनलाई प्राथमिकता दिइनेछ। पशुहरुमा उन्नत नश्लको पशुको उत्पादन तथा वितरणलाई प्रभावकारी बनाउन न्यूक्लिस हर्ड, मल्टिप्लायर हर्ड तथा ब्रिडींग हर्डको व्यवस्थापन तथा सञ्चालनलाई विस्तार गरी प्रभावकारी नियमन गरिनेछ।

८.१.२६. उन्नत नश्लको गाईभैसी, चौरी, याक, बाख्रा, भेडा, बंगुर, माहुरी र माछाको माग स्थानीय पालिकास्तर प्रक्षेपण गरी तीनै तहको सहकार्यमा अनुसन्धान र प्रजननका सरकारी निकाय र सहकारीको संयुक्त प्रयासबाट प्रजनन श्रोत केन्द्रहरुको व्यवस्था गरी माग अनुसारका उन्नत जातका पशुको उपलब्धता हुने प्रजनन पद्धतिको स्थापना गरिनेछ। ती पशुहरुको खरिदमा निश्चित मापदण्डको आधारमा अनुदान प्रदान गरिनेछ।

८.१.२७. माग अनुसार विभिन्न कृषि बाली तथा घासेवालीहरुको बीउ तथा पशुका नश्ल उत्पादन तथा आपूर्ति हुने गरी अनुसन्धान र कृषि तथा पशु विकासका निकायहरुको दक्षता वृद्धि गरिनेछ।

**च. कर्जा, विमा र सामाजिक सुरक्षा**

८.१.२८. कृषि ऋण प्रवाहलाई सरल र सुलभ गराई कृषिमा लगानी बढाउन र विमा सेवाको विस्तार र प्रभावकारितामा वृद्धि गर्न उपयुक्त पद्धति निर्माण र संरचनागत सुधार गरिनेछ।

८.१.२९. कृषिजन्य उत्पादन तथा व्यवसायमा पूँजीको उपलब्धता सुनिश्चित गर्न परेका कठिनाइ हल गरी हरेक किसानलाई आवश्यक परेको वखत न्युनतम ब्याजदरमा सुलभ ऋणको प्रत्याभूतिका लागि पहल गरिनेछ।

किसानको वर्ग र ऋणको परिमाण अनुसार फरक फरक व्याजदरको सुविधा उपलब्ध गराइनेछ। सीमान्त साना कृषक तथा लघु कृषि उद्यमीहरुलाई बिना धितो सरल ढंगले न्युनतम प्रतिशतमा सुलभ ऋणको व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ । गा.पा. बाट प्रदान गरिने व्यावसायिक कृषि कर्जाको ब्याज अनुदानलाई प्रभावकारी बनाईनेछ ।

८.१.३०. बाली, पशुपन्छी तथा मत्स्य बीमा सेवामा सबैको पहुँच सुनिश्चित गरिने छ । बालीको मूल्याङ्कनमा हाल अपनाइएका आधारहरुलाई फराकिलो बनाउँदै परिमार्जन गर्न पहल गरिनेछ । बाली, पशुपन्छी तथा मत्स्य विमाको मूल्याङ्कनलाई यथार्थमा आधारित बनाउन पहल गरिनेछ ।

८.१.३१. राज्यले नै संरक्षण गर्नुपर्ने कृषकहरुलाई आवश्यकताको आधारमा योगदानमा आधारित सामाजिक सूरक्षा स्किममा आवद्ध गरिनेछ ।

**छ. पोष्ट हार्भेष्ट ( भण्डारण ), बजारिकरण र मूल्य व्यवस्थापन**

८.१.३२. कृषकहरूले उत्पादन गर्ने मूख्य मूख्य बालीहरूको उत्पादन लागतको मूल्यांकन गरेर उचित बचतको ग्यारेन्टी हुने गरी **न्यूनतम समर्थन मूल्य** बाली लगाउनु पूर्व नै तय गरिनेछ । तोकिएको मूल्यमा कृषि उपज विक्री नहुने अवस्थामा सरकारले खरीद गर्न संघ, प्रदेश र गाउँपालिकासँग समन्वय गरिनेछ । यसको लागी भण्डारण गर्ने क्षमता र वितरण प्रणालीलाइ व्यवस्थित गरिनेछ ।

८.१.३३ लामो समय भण्डारण गर्न नसकिने वाली वस्तुहरुको लागी उपयुक्त संयन्त्र मार्फत परिचालन हुने गरी बधशाला तथा शित भण्डारण गृह ( कोल्ड स्टोरहरुको ) व्यवस्था गरिनेछ । उत्पादन सहकारीहरुको बजार प्रबर्द्धनका सिप तथा क्षमता वृद्धि गरी सम्भव भएका ठाउमा कम्पनी मोडल मार्फत उत्पादित बाली तथा वस्तुहरुको बजार तया मूल्य सुनिश्चितता गरिनेछ। बजारिकरणमा काम गर्ने नीजि मध्यस्थकर्तालाई सम्बन्धित सरकारमा दर्ता गर्ने व्यवस्था गरी उनीहरूको कार्य र अतिरिक्त नाफालाई नियमन र व्यवस्थित गरिनेछ ।

८.१.३४. जीविकोपार्जन, साना, मझौला तथा ठुला सबै स्तरका कृषि, पशुपन्छी, माहुरी तथा मत्स्यजन्य उत्पादनलाई स्थानीय, प्रादेशिक तथा राष्ट्रिय मूल्य वा आपूर्ति श्रृंखलामा जोड्न सहकारीलाई प्रमुख माध्यम बनाइनेछ। सम्भाव्य स्थानमा सहकारीहरुलाई कम्पनीमा आवद्ध गरी आपूर्ति श्रृंखलामा सूधार गरिनेछ। उत्पादक सहकारीहरुको व्यावसायिक सीप बढाइनेछ।

८.१.३५. खाद्यान्न न्यून उत्पादन हुने क्षेत्रहरूमा खाद्यान्न आपूर्तिको सुनिश्चितताको लागि ढुवानी, सञ्जय र वितरणमा गाउँपालिकाको सहभागिता तथा अगुवाइमा खाद्यान्न सञ्चय तथा परिचालन इकाई वा सञ्जालको विकास गरिनेछ उक्त क्षेत्रहरूमा उत्पादन तथा आय वृद्धिका सम्भावित प्रविधिहरूको विस्तार गरिनेछ।

८.१.३६. बाली वस्तुहरूको उत्पादनोपरान्त क्षति न्यूनीकरणका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

**ज) अन्य**

८.१.३७. युद्ध, व्यापक असर पार्ने प्राकृतिक प्रकोप, व्यापारिक संकट लगायतका कारणले देशमा आर्थिक विश्रृंखलता, समग्र अर्थतन्त्र, रोजगारी र खाद्य उपलब्धतामा संकट आउने अवस्थामा कृषि क्षेत्रलाई विशेष संरक्षण, उत्पादनमा प्रोत्साहन र कृषिजन्य उद्योग तथा व्यापारिकरण, वितरणका आधारहरुलाई पुनर्स्थापना तथा सक्षम बनाउने विषयमा प्राथमिकताका साथ लगानी वृद्धि गरिनेछ। बाली तथा पशुपन्छी माको व्यवस्थाले जोखिम व्यहोर्न नसकेको अवस्थामा राहत र पुनर्थापनाको पनि व्यवस्था गरिनेछ।

८.१.३८ बाह्रै महिना घासमा आधारित पशुपालन पद्धतिको विस्तारबाट उत्पादकत्व बढाइनेछ र उत्पादन लागतलाई कम गरिनेछ। घास खेतीको लागी जग्गा कम हुने र जग्गाको मूल्य महँगो भई व्यक्तिगत किसानले घास लगाउन नसक्ने अवस्थावाट सिर्जित घासको न्यूनतालाई सम्बोधन गर्न हरियो घास, साइलेज, पूर्ण मिश्रित आहारा (टि एम आर ) लगायतका घासजन्य वस्तु उत्पादन गर्ने विशिष्टिकृत व्यवसायको विकास र विस्तार गर्न प्रोत्साहन तथा सहुलियतको नीति लिइनेछ।

८.१.३९. पशुपन्छी उत्पादकत्वमा क्षय गर्ने रोगहरुको निदान तथा उपचार सेवाको दक्षता र त्यसमा किसानको पहुँच बढाइनेछ। प्राथमिकता प्राप्त पशुपन्छीका रोगहरु नियन्त्रण तथा उन्मुलन गर्न खोप उपलब्धता, रोग सर्वेक्षण, रिपोर्टिंग, रोग नियन्त्रण तथा उन्मुलनलाई प्रभावकारी बनाउन संस्थागत क्षमता, जनशक्ति विकास र स्थानीय पशु स्वास्थ्य सेवाको विस्तारमा प्राथमिकता दिइनेछ।

८.१.४०. मौलिक पहिचान भएका गाई, भैसी, बाख्रा, याक, चौरी लगायत स्थानीय पशुपन्छी पालनलाई संरक्षण गर्दै उद्यमशीलताको विकास गरी जनताको जिविकोपार्जनमा सुधार ल्याइनेछ।

८.१.४१. आमसंचारका माध्यमबाट कृषि पेशाप्रति आदर र बढ्वा जगाउने खालका सामाग्रीहरू राष्ट्रिय पर्वका अवसरमा व्यापक प्रसार गरिनेछ।

८.१.४२. गाउँपालिकाबाट कृषक सम्मान वा पुरस्कारका कार्यक्रमहरू संचालन गरिनेछ।

८.१.४३. पशुपालनबाटै जीवन निर्वाह गर्ने कृषकहरुले परम्परागत रुपमा उपयोग गर्दै आएको पशु चरन खर्कहरु संरक्षण र विकास गर्ने गरी उपभोगको अधिकार तीनै कृषकहरुमा रहने गरी कानूनी व्यवस्थाका लागि समन्वय गरिनेछ।

८.१.४४. स्थान सुहाउँदो उपयुक्त यान्त्रिकरणको पहिचान गरी तिनको उपलब्धता बढाइनेछ। यान्त्रिकरणको क्षेत्रमा प्राविधिक सेवा प्रवाह, यान्त्रिकरण सहायताका संरचना विकास र सहुलियत प्रदान गर्ने कार्य प्रभावकारी रुपमा विस्तार गरिनेछ।

८.१.४५. कृषिक्षेत्रको बहुआयामिकता र जटिलतालाई आत्मसात गर्दै कृषि क्षेत्रको विकासमा अझै बढी नीतिगत स्पष्टता हासिल गर्न खिजीदेम्वा गाउँपालिकाको कृषि नीतिलाई मुल नीति मान्दै विभिन्न उपक्षेत्रगत तथा विषयगत नीति तथा रणनीतिहरु तर्जुमा गरी लागू गरिनेछन्।

**८.२. कृषि जैविक विविधताको संवर्द्धन, प्रवर्द्धन र सदुपयोग, जलवायु मैत्री प्रविधि र स्वच्छ खाद्य उत्पादन पद्धति अवलम्बन गरि दिगो कृषि प्रणालीको विकास गर्ने।**

**क) रसायन (मल, विषादी, औषधि) व्यवस्थापन तथा प्रांगारिक खेती**

८.२.१. माटो, वातावरण, पशु स्वास्थ्य र मानव स्वास्थ्यमा नकारात्मक असर नपर्ने गरी विरुवा तथा पशुपन्छीहरुमा रसायन, औषधी, विषादी र हर्मोनको प्रयोगलाई नियन्त्रण, नियमन र व्यवस्थापन गरिनेछ।

८.२.२. रासायनिक मलको उपयोग गरिने क्षेत्र तथा बालीमा आवश्यकताको म्यापिंग गरी उपलब्धता सुनिश्चित गरिनुका साथै यसको खपत परिमाणको उच्च सीमा तोकिने छ। रासायनिक मलको परिमाणको सिफारिस गर्दा माटोको स्वास्थ्य कार्डको आधारमा मात्र गर्ने व्यवस्था मिलाइनेछ।

८.२.३. रासायनिक मलको उपलब्धता, भण्डारण र समुचित वितरण पद्धति अपनाउन भौतिक पूर्वाधार, वितरण सञ्जाल र प्रकृयामा सुधार गरिनेछ। रासायनिक मलको प्रभाव मूल्याकन गरी अनुदानको सीमा सहित उपयुक्त अनुदान पद्धति निर्माण गरिनेछ।

८.२.४. प्राङ्गारिक खेतीको उपयुक्त क्षेत्र तोकी ती क्षेत्रमा रासायनिक मल र विषादीको सट्टा प्रांगारिक मल र जैविक वानस्पतिक विषादिको उपयोग गर्ने विषयमा प्राथमिकता दिइनेछ। प्राङ्गारिक कृषि क्षेत्रहरूको क्रमशः विस्तार गर्दै लगिनेछ। खेरजाने फोहोरलाई प्रयोग गरी प्राङ्गारिक मल उत्पादन तथा यसको प्रयोग गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

८.२.५. खेतवारीमा हुने भू:क्षय नियन्त्रण, माटोको उर्वराशक्ति सुधार तथा श्रोत संरक्षण गर्ने खालको कृषि प्रणालीको विस्तार गरी माटोमा प्राङ्गारिक पदार्थको मात्रामा सुधार गरिनेछ।

८.२.६. प्रांगारिक तथा रैथाने उपजलाई प्रवर्द्धन गर्नका लागि स्थानीयस्तरमा वर्षेनी कृषि मेला प्रर्दशनी गरिनेछ।

८.२.७. गाउँपालिकालाई पूर्ण रुपमा अर्गानिक पालिका बनाउने तर्फ सम्पुर्ण अभ्यास गरिनेछ।

**ख) जैविक विविधता संरक्षण**

८.२.८. स्थानीय स्तरमा उपलब्ध रैथाने बीउ, जात वा नश्लका साथै लोप हुन लागेका बाली तथा पशुपन्छीहरुको दीर्घकालिन रूपमा संरक्षण तथा प्रवर्द्धन गर्ने व्यवस्था मिलाइनेछ। सम्भावित क्षेत्रमा सहभागितात्मक जैविक विविधता संरक्षण क्षेत्र स्थापित गरिनेछ ।

८.२.९. बाली बिरुवा, पशुपन्छी तथा जलचरहरुको सूचिकरण गर्दै स्वस्थान संरक्षण, जिन बैंक, स्थानीय बीउ बैंक तथा सेमेन संरक्षण केन्द्रहरु मार्फत तिनको संरक्षण गरिनेछ। तिनमा निहित विशेष गुणहरु पहिचान गर्ने विषयमा अनुसन्धानका कार्य अघि बढाइनेछ। यस्ता बालीवस्तुको पौष्टिक तथा वातावरणीय महत्व बारे प्रचार प्रसार गरिनेछ ।

८.२.१०. हैसियत बिग्रेका वन तथा प्राकृतिक जलाशयको हैसियत सुधार गर्ने गरी जैविक विविधता संरक्षण सम्बर्द्धन, सदुपयोग तथा विकास गरिनेछ ।

**ग) दिगो व्यवस्थापनको क्षेत्रमा अनुसन्धान, प्रविधि र पद्धति विकास तथा प्रसार :**

८.२.११. एकीकृत बाली संरक्षण पद्धति, असल कृषि अभ्यास, असल पशुपालन अभ्यास, एकीकृत माटो व्यवस्थापन पद्धति, एकीकृत बाली पोषण पद्धति जस्ता दिगो व्यवस्थापनका पद्धतिहरूको प्रवर्द्धन तथा विस्तार गरिनेछ ।

८.२.१२. स्थानीय सिप ज्ञानको पञ्जीकरण गरी अनुसन्धान र प्रसारको माध्यमवाट तिनको उपयोग र प्रवर्द्धन गरिनेछ ।

८.२.१३. वातावरणमैत्री तथा जलवायु अनुकुलित कृषिजन्य प्रविधिको विकास, प्रवर्द्धन र विस्तार गरिनेछ।

८.२.१४. कृषि विविधताको संरक्षण र उपयोगलाई खाद्य पोषण सुरक्षा र स्थानीय जनताको जिविकोपार्जनसँग जोड्ने गरि वैज्ञानिक अध्ययन, अनुसन्धान मार्फत उपयुक्त दीगो विकासको ढाँचा तयार गरी लागु गरिनेछ।

८.२.१५. जलवायु परिवर्तनको नकारात्मक असर कम गर्न सुख्खा सहन सक्ने बाली बस्तुको अनुसन्धान र उपयोगमा जोड दिइनेछ। साथै जलवायु अनुकुलन प्रविधिको विकास र विस्तार गरिनेछ ।

८.२.१६. साना फार्महरुमा एकीकृत कृषि प्रणाली (जस्तैः बाली, पशुपन्छीपालन र रुख विरुवा), कृषि वन तथा सिल्भी पास्चर, फार्म पोण्ड, हिउ संकलन, पानी संकलन जस्ता प्रविधिहरुको प्रसार गरिनेछ ।

**घ) स्वच्छ खाद्य उत्पादन पद्धति**

८.२.१७. खाद्य श्रृंखलाका प्रत्येक चरणमा खाद्य पदार्थको स्वच्छता एवम् गुणस्तर को सुनिश्चितता गरिनेछ । खाद्य पदार्थमा स्वच्छता एवं गुणस्तर सम्बन्धी उपभोक्ता शिक्षा प्रदान तथा जनचेतना अभिवृद्धि गरिनेछ। खाद्य पदार्थमा स्वच्छता एवं गुणस्तर सम्बन्धि विषयमा शोध र अनुसन्धान विस्तार गरिनेछ ।

८.२.१८ कृषि उत्पादनमा स्वच्छता एवं गुणस्तर तथा पहिचानियता कायम राख असल कृषि अभ्यास, जसल पशुपालन अभ्यास एवं असल भेटेरिनरी अभ्यास एवं असल मत्स्यपालन अभ्यास जस्ता संहिताहरु अंगाल्न कृषकहरुलाई प्रोत्साहन गर्दै क्रमिक रुपले खाद्य स्वच्छता नियमन प्रणाली लागु गरिनेछ ।

८.२.१९. गुणस्तर नियमनका लागि प्रभावकारी अनुगमन तथा खाद्य पदार्थको विश्लेषण क्षमता अभिवृद्धिका लागि प्रयोगशाला स्थापनाको लागि पहल गरिनेछ ।

**अन्य**

८.२.२०. स्थानीय सहभागिताका आधारमा जलाधार व्यवस्थापन र नदी कटान नियन्त्रण गरी संरक्षण प्रधान कृषि प्रणाली विकास गर्दै लगिनेछ।

८.२.२१. पशुपन्छी, वातावरण र मानव स्वास्थ्यलाई एक अर्काको परिपुरकको रुपमा ग्रहण गर्दै एक स्वास्थ्य रणनीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ।

## ८.३. कृषिलाई व्यवसायीकरण, पर्यटकीयकरण, बजारिकरण, औधोगिकरणको विकास गरी प्रतिस्पर्धी कृषि प्रणालीको विकास गर्नुका साथै तुलनात्मक लाभ भएका बाली वस्तुहरूको निर्यात प्रवर्द्धन गर्ने।

**क) व्यावसायिकरणको रणनैतिक कार्यदिशा**

८.३.१. कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्ने सम्भावना बोकेका ठुला व्यावसायिक किसान, उत्पादन साधन तथा सेवा उत्पादनकर्ता र आपूर्तिकर्ता, उद्योगीहरू, बजारिकरणका पात्रहरु लगायत कृषि क्षेत्रका आवश्यकता पहिचान र सो को सम्बोधन गरी कृषि क्षेत्रको आधुनिकीकरण गरिनेछ। तर यो क्षेत्रमा हुन सक्ने बजार एकाधिकार, अराजकता तथा सिण्डिकेटको अन्त्य गर्न कृषि व्यवसाय कानून र मापदण्ड निर्माण गरी सम्पूर्ण नाफामूलक व्यावसायिक इकाइहरु दर्ता गरी लाइसेन्स लिने, सम्पूर्ण कार्वाहीको विलिंग गर्ने र नाफाको निश्चित प्रतिशत तोक्ने व्यवस्था गरिनेछ। सो कार्य गर्न सरकारको नियमन क्षमता र संस्थागत सुधारमा लगानी वृद्धि गरिनेछ।

८.३.२. ठुला व्यावसायिक इकाइहरुको व्यवसायको स्तर क्रमशः वृद्धि गर्ने कुरामा सरकारले सहज वातावरण निर्माण गर्ने तर्फ ध्यान दिनेछ भने ठुलो संख्यामा रहेका साना तथा मध्यम स्तरका व्यावसायिक कृषकहरुको आधुनिकिकरण गर्ने दिशामा सरकारले बढी प्राथमिकताका साथ लगानी र सेवा प्रवाह गर्नेछ। जिविकोपार्जनमा संलग्न कृषकहरूले घरायसी खाद्य पोषण अवस्थामा पुर्याउने योगदानलाई अझ सुधार गर्न प्रसारको माध्यमबाट तिनको उत्पादकत्व वृद्धि गर्ने नीति अपनाइनेछ। यस प्रकार ठुलो व्यवसायिक कृषि क्षेत्रलाई नीतिगत सहयोग, बातावरण निर्माण र नियमन, मध्यम देखि सानो व्यावसायिक कृषि क्षेत्र संरक्षण र जीविकोपार्जन कृषिक्षेत्रको उत्पादकत्व वृद्धिको नीति लिइनेछ। सरकारी लगानी तथा प्राविधिक सहयोगलाई यी तीन क्षेत्रमा समायोचित ढंगले प्रयोग गरिनेछ।

८.३.३. कृषि क्षेत्रमा बढी से बढी रोजगारी सिर्जना गर्न श्रम साधन कृषि प्रणालीलाई प्रोत्साहन गरिनेछ । आवश्यक क्षेत्रमा स्थानीय कृषि पद्धति र आवश्यकता सुहाउँदो कृषि यान्त्रीकरणलाइ प्रवर्द्धन गरिने छ। साना खालका यन्त्रहरूको विकास र विस्तार गरिने छ। महिलामैत्री कृषि औजार र यन्त्रहरूको विकास र विस्तार गरिनेछ। श्रमप्रधान र यन्त्रप्रधान कृषि प्रणालीको आवश्यकता, सम्भावना र सन्तुलनको अध्ययन गरी कृषि यान्त्रिकरण नीति परिमार्जन गरिनेछ । कृषक समूह अथवा सामूहिक खेती पद्धतिबाट रोजगारि श्रृजना गर्न कृषि औजार, उपकरण लगायत अन्य सामाग्रीहरु सामूहिक पद्धतिबाट विस्तार गरिनेछ ।

८.३.४. कृषिलाई आधुनिकिकरण र व्यावसायिकरण गर्दा रोजगारी अवसरको संख्या र गुणस्तर वृद्धि गर्ने रणनैतिक सोच अपनाइनेछ। आधुनिक खेती, पशुपन्छीपालन तथा सो उपरान्तका कृयाकलापमा उत्पन्न हुने रोजगारीको गुणात्मक वृद्धिको प्रतिफल भूमिहिन, श्रमिक तथा सिमान्त कृषकले पाउने गरी कृषि क्षेत्र व्यावसायिकरणको रणनीति अपनाइनेछ।

८.३.५ कृषि पर्यटनको सम्भाव्यता अध्ययन गरि पर्यटनमैत्रि कृषि विकासको अवधारणालाई अघि सारिनेछ र उत्पादित उपज र कृषि पर्यावरणलाई पर्यटनको अभिन्न अंगको रुपमा विकास गरिनेछ ।

**ख) लगानी वातावरणः कर्जा, कर, विमा, उर्जा, अनुदान सहुलियत ।**

८.३.६. नीजी क्षेत्र, सहकारी, कृषक समूह तथा व्यक्तिगत किसानहरुलाई कृषि क्षेत्रमा लगानी आकर्षित गर्न लगानीमैत्री वातावरणको निर्माण गरिनेछ ।

८.३.७. भौतिक तथा सूचना पूर्वाधार निर्माण, उत्पादनका सामाग्री उत्पादन, वितरण र नियमन, व्यवसायको लागी आवश्यक जनशक्ति विकास र ऋण तथा विमा सेवाको सहज उपलब्धता जस्ता विषयमा नीजि क्षेत्रको आवश्यकता सम्बोधन गरिनेछ ।

८.३.८. व्यावसायिक कृषि क्षेत्रलाई सक्षम बनाउन निश्चित अवधिसम्म व्यावसायिक कृषि क्षेत्र सहयोगी कर तथा अनुदान नीति तर्जुमा गरी लागू गरिनेछ। स्थानीय कृषि बस्तुहरूको प्रयोग गर्ने कृषिजन्य उद्योगहरूलाइ सहुलियत व्याजदरको ऋण र कर छुटको व्यवस्था गरिनेछ ।

८.३.९. ठुला, मझौला देखि साना कृषि उद्यमहरुलाई पर्याप्त र सहज वित्त र विमा सेवा प्रदान गर्न वित्तीय तथा विमा संस्थाहरुको सम्भावना, उपयुक्त वित्तीय प्रणालीको पहिचान, वित्तीय सेवा प्रवाह पद्धति निर्माण तथा संरचनागत सूधार गरिनेछ।
८.३.१०. कृषि क्षेत्रमा सस्तो उर्जाको पहुँच तथा उपयोग बढाई व्यावसायिक दक्षता वृद्धि गर्न वित्तीय र प्राविधिक सहयोग प्रदान गरिनेछ। बाली, पशुपन्छी तथा मत्स्य क्षेत्रमा उत्पादन, भण्डारण, प्रशोधन र विक्री वितरणका कार्यमा प्रयोग हुने विद्युत महशुलमा निश्चित मापदण्डका आधारमा छुट दिलाउन पहल गरिनेछ।

**ग) सहकारी र करार व्यवस्था**

८.३.११. कृषि उत्पादन सहकारीहरुलाई व्यवसाय इकाइको आकारको आधारमा मर्ज गरिनुका साथै मूल्य श्रृंखलाको पद्धतिमा समन्वय गरिनेछ। व्यावसायिक कृषि प्रवर्द्धनका लागी करार व्यवस्था सम्बन्धी संयन्त्रहरुलाई सबल बनाइनेछ।

८.३.१२. कृषि सहकारीहरूलाइ व्यावसायिक कृषि उत्पादन र बजारीकरणको महत्वपूर्ण वाहकको रूपमा परिचालन गरिनेछ।

**घ) समूह पद्धती र सामूहिक खेती पद्धतीमा सहुलियत:**

८.३.१३. ठुला मझौला तथा साना कृषक अथवा कृषि उद्यमीहरुलाई पर्याप्त र सहज वित्त सेवा, विमा सेवा तथा प्राविधिक सेवा कृषक समूहमा आवद्ध अथवा सामूहिक खेती पद्धती अवलम्बन गरेका कृषकलाई प्राथमिकतामा राखी उपलब्ध गराईनेछ।
८.३.१४. सामूहिक रुपमा उत्पादित उपज विक्रि वितरण, विविधिकरण र औद्योकिरणको लागि गाउँपालिकाले आवश्यक सहजीकरण गर्नेछ।
८.३.१५. सामूहिक पद्धति अपनाएका कृषकहरुलाई हरेक कृषिजन्य कार्यक्रममा प्राथमिकताका साथ राखी संचालन गरिनेछ।

**ङ. मूल्य श्रृंखला सुधार**

८.३.१६. गाउँपालिकामा उत्पादित बाली वस्तुको स्थानीय मूल्य श्रृंखलामा पहुँचको अवस्था र सम्भावनाका आधारमा गाउँपालिकाले मूल्य श्रृंखला सूधारको रणनीति तथा कार्यक्रम आपसी समन्वयमा तयार गरी लागू गर्नेछन् ।

८.३.१७ विपन्न, सीमान्त, साना कृषक समावेश हुने, बढी रोजगारी श्रृजना हुने र आधारभूत खाद्य तथा पोषणमा आत्मनिर्भर हुने क्षेत्रका मूल्य श्रृंखलालाई विशेष प्रोत्साहन प्रदान गरिनेछ ।

८.३.१८ उत्पादन तथा सो उपरान्त खाद्य र कृषिजन्य उत्पादनको मूल्य अभिवृद्धिको परिमाण वृद्धि गर्न आधुनिक प्रविधि र भौतिक पुर्वाधार सुधारमा जोड दिइनेछ। आवश्यक्ता अनुसार यस्ता क्रियाकलापहरुमा लगानी प्रवर्द्धन समेत गरिनेछ।

**च) पूर्वाधार तथा संरचनागत सुधारः सुचना, सडक, विद्युत, भण्डारण र बजारिकरण**

८.३.१९. कृषि उत्पादन हुने ग्रामीण भेगलाई बजारसँग जोड्ने गरी बाह्रै महिना चल्ने रणनैतिक ग्रामीण कृषि सडक निर्माण गरिनेछ ।

८.३.२० कृषि उद्योग व्यवसाय प्रवर्द्धनका लागि उत्पादन स्थल नजिक संकलन केन्द्र, बजार क्षेत्रमा धोक तथा खुद्राबजारको व्यवस्था गरिनेछ। यसका लागि नीजि तथा सहकारी क्षेत्र समेतको सहकार्यमा कृषि बजारहरूको विकास, विस्तार तथा व्यवस्थापन गरिनेछ । उत्पादन क्षेत्र नजिकका स्थानमा कृषिजन्य उद्योग स्थापना गर्न निजी क्षेत्रलाइ प्रोत्साहन गरिनेछ। सबै सरोकारवालाहरुको लागी आवश्यक व्यावसायि सूचनाको पहिचान गरी सूचनाको पहुँच वृद्धि गरिनेछ ।

८.३.२१. बजार विकासका लागी रणनीतिक स्थानहरु पहिचान गरी सरकारी लगानी, निजी र सहकारी क्षेत्रको लगानी, सरकारी निजी साझेदारी र समुदायको सहभागिता मार्फत मूल्य श्रृंखलाहरुको विकास केन्द्रित बजार

पूर्वाधारको विकासलाई प्रबर्द्धन गरिनेछ। हाटवजार, थोक तथा खुद्रा बजारहरूलाइ कारोवारको परिमाण र क्षमताको आधारमा बर्गीकरण गरिनुका साथै प्रभावकारी रूपमा बजार संचालन गर्ने व्यवस्था गरिनेछ ।

८.३.२२. कृषिजन्य बजार प्रणालीबाट मूल्य श्रृंखलाका सबै पाक्षहरुले उचित प्रतिफल प्राप्त गर्ने गरी आन्तरिक उत्पादनको सिजनल अवस्था, बजार, आपूर्ति प्रणाली, मूल्य र मागको सिजनल अवस्था, ती बस्तुहरुको तोकिएको उत्पादन मूल्य र आयात परिमाण आदिको नियमित सर्भिलेन्स गर्ने संस्थागत व्यवस्था मिलाइनेछ। उक्त सूचनाको आधारमा उत्पादन योजना र बजारिकरणको व्यवस्था गरी उत्पादनको बजार र मूल्य सुनिश्चितता गरिनेछ। बजार प्रणालीलाई व्यवस्थित गर्ने कानून र मापदण्ड तयार गरी सो को प्रभावकारी नियमन गरिनेछ। संभाव्यताका आधारमा कृषि बस्तुहरूको डिजीटल बजार लगायतका प्रविधिहरुको प्रयोग गरी बजारिकरणमा बिचौलियाको अवाञ्छित प्रभाव न्यूनीकरण गरिनेछ। यी कार्यका लागी बजारिकरणको अध्ययन, बजारिकरणको नियमन तथा प्रवर्द्धनमा आवश्यक संस्थागत तथा संरचनागत सूधार समेत गरिनेछ ।

**च.उद्यम र निर्यात प्रवर्द्धन तथा खाद्य स्वच्छता**

८.३.२३. साना र मद्यमस्तरका कृषिजन्य उद्यम गर्न चाहनेहरुको लागी व्यवसाय पहिचान, मागमा आधारित सीप विकास, लगानीको व्यवस्था, उधम सजालन तथा उद्यम संचालन गर्दै जादा देखा पर्न सक्ने समस्याहरुको निश्चित समयसम्म समाधान गर्ने सिप प्रवर्द्धनका संस्थागत संरचना, कानुन, मापदण्ड तथा विधि प्रकृयाहरु निर्माण गरी उद्यम प्रवर्द्धन गरिनेछ ।

८.३.२४. यूवा जनशक्तिलाई कृषि मूल्य श्रृंखला र सम्बन्धित कृयाकलापहरु (जस्तैः यन्त्र उपकरण मर्मत सम्भार, जैविक मल उत्पादन, प्याकेजिङ्ग, भण्डारण, बजारिकरण, कृषि पर्यटन र प्राविधिक तथा परामर्श सेवा प्रवाह जस्ता क्षेत्र) मा उद्यम तथा रोजगारीका लागी अवसर प्रदान गरिनेछ।

८.३.२५. कृषि उद्यम स्टार्ट अप र कृषि व्यवसाय इन्कुवेशन जस्ता उपायहरु मार्फत यूवाहरुलाई आधुनिक कृषिमा आकर्षण गरिनेछ। यस्ता कार्य संघ र प्रदेशस्तरका निकायहरु सँगको समन्वयमा सरकारी, सहकारी र निजी क्षेत्रको समेत सहकार्यमा संचालन गरिनेछ ।

८.३.२६. निर्यातजन्य बाली वस्तुहरुको उत्पादन पकेट क्षेत्र पहिचान, तिनको उत्पादकत्व वृद्धि, प्रतिस्पर्धी क्षमता विकास, निर्यात सहजीकरण तथा प्रोत्साहनका नीति लागू गरिनेछ। खाद्य र कृषिजन्य उत्पादनको निर्यात बजार पहिचान गरी ती बजारले माग गरेको परिमाण, नियमितता र गुणस्तर अनुसारको उत्पादन, ग्रेडिंग, प्रशोधन, प्याकेजिंग, लेबलिंग र ब्राण्डींग गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ। उत्पादन देखि सो उपरान्तका कार्यहरुमा गुणस्तर निर्धारण, नियन्त्रण र नियमन गरिनेछ। निर्यात प्रवर्द्धनका लागी विशेष संस्थागत सूधार, कानूनी व्यवस्था तथा नियमनको सघनतामा वृद्धि गरिनेछ । निर्यात बजार र ती देशहरुसँगको व्यापार सम्झौता, बार्ता र व्यापार सिपको लागी क्षमता विकास गरिनेछ ।

८.३.२७. कृषिजन्य उत्पादनमा स्वच्छता तथा गुणस्तरको विश्वसनीयता कायम गरी राष्ट्रिय व्यापार प्रवर्द्धन सहजीकरण कार्यलाई प्रभावकारी बनाइनेछ। आयात निर्यात निरीक्षण एवं प्रमाणीकरण पद्धति विकास गरि लागु गरिनेछ ।

८.३.२८. बजार पहुँचको आवश्यकता अनुसार आयात गर्ने क्षेत्रका मापदण्डहरु समेतलाई दृष्टिगत गरी पुरा गर्ने आवश्यक व्यवस्था र पद्दतिको विकास गरिनेछ।

८.३.२९. खाद्य उद्योग, व्यवसाय र अन्य सरोकारवालाहरुको प्रकृतिको आधारमा विभिन्न नियमनकारी निकायहरुबाट विकास गरिएका कोडेक्स मापदण्ड, असल सरसफाइ अभ्यास, गुड म्यानुफ्याचरिङ्ग प्राक्टिस, हजार्ड एनालाइसिस एण्ड क्रिटिकल कण्ट्रोल प्वाइण्ट पद्दतिको उपयोग गर्न क्षमता अभिवृद्धि, प्रोत्साहन र प्रवर्द्धन गर्दै क्रमिक रुपले उपयुक्त व्यवस्थापन प्रणालीहरु अनिवार्य रुपमा लागु गरिनेछ ।

८.३.३०. गाउँपालिका भित्र  बाह्रै महिना संचालन हुने गरि कृषि ऐम्बुलेन्स सेवा प्रयोगमा ल्याईनेछ ।

८.३.३१. गाउँपालिका बाट अन्य सहरहरुमा उचित ढंगले बिक्रि वितरण गर्नका लागि विभिन्न स्थानमा बिक्रि केन्द्रहरु स्थापना गरिनेछ ।

**८.४ तीनै तहका सरकार र कृषि सम्बद्ध सरोकारवालाहरू बिच समन्वय र सहकार्य गर्दै कृषि प्रवर्द्धन तथा नियमन लगायतका सेवा प्रवाहलाई प्रभावकारी बनाउने ।**

**क. योजना, तथ्यांक तथा सञ्चार**

८.४.१. गाउँपालिकाको कृषि सम्बद्ध निकायहरूको समयानुकुल पुनर्संरचना र आपसी सञ्चार पद्धतिको विकास गर्दै सबै क्षेत्रमा ठाडो र तेर्सो दुवै प्रकृतिका समन्वय कार्यको विकास गरिनेछ। आवधिक रुपमा एकीकृत तवरमा कृषि विकासका योजना तर्जुमा गर्ने व्यवस्था मिलाइनेछ। यसका लागी कृषि सम्बन्धी मुख्य निकायहरु सम्मिलित एक संयन्त्र निर्माण गरिनेछ। उक्त संयन्त्रले वार्षिक र आवधिक रुपमा एकीकृत तवरमा कृषि कार्यक्रम सञ्चालनको योजना, कार्यान्वयन, अनुगमन तथा मुल्यांकनको व्यवस्था मिलाइनेछ।

८.४.२. कृषि सम्बन्धी तथ्यांकको संकलन, विश्लेषण तथा संप्रेषणका लागी अलग्गै कृषि तथ्यांक इकाईको व्यवस्था गरिनेछ। यस प्रयोजनका लागी विद्यमान सूचना प्रविधिले विकास गरेका प्रणालीहरुको प्रयोग गरिनेछ। गा.पा बाटै कृषि तथ्यांकहरु प्रविष्ट गर्न सक्ने र प्रविष्ट भएको तथ्यांक हेर्न सकिने गरि वेभ पोर्टलको व्यवस्था मिलाइनेछ ।

८.४.३ .स्थानीय तह र प्रदेश तहका कृषि प्रसार सम्बन्धी निकायहरुले प्राविधिक समन्वयको माग गरेमा सोझै सम्पर्क गर्न सक्ने व्यवस्था मिलाइनेछ। यसका लागी सूचना प्रविधिमा आधारित नेटवर्किङ प्रणालीको विकास गरिनेछ ।

ख) **राष्ट्रिय प्राथमिकताका कार्यक्रम**

८.४.४. संघीय र प्रदेश सरकारले गा.पा.लाई कृषि विकासका सशर्त कार्यक्रमहरु सञ्चालन गर्दा मागमा आधारित भई सञ्चालन गर्न पहल गरिनेछ । यस्ता राष्ट्रियस्तरमा मिशन कार्यक्रमहरुको लक्ष्यलाई हासिल गर्न गा.पा. समेत जिम्मेवार हुनेछ ।

**ग. अनसन्धान, शिक्षा र प्रसार**

८.४.५. प्राथमिक शिक्षा देखि नै कृषि विषय स्थानीय पाठ्यक्रममा समावेश गर्ने र विद्यालय कृषि उत्पादन र प्रबर्द्धनमा जोड्ने गरी समन्वय गरिनेछ ।

८.४.६. कृषि अनुसन्धानका निकायहरूलाइ पनि गा.पा.सँग प्रत्यक्ष जोडिने व्यवस्था मिलाइने छ। गा.पा.को प्राथमिकताहरूको अनुसन्धान गर्ने गरी अनुसन्धान केन्द्रहरूको म्याण्डेट परिमार्जन गरिनेछ। गा.पा.लाई कृषि प्रसार सेवा प्रदान गर्ने मुख्य निकायहरुको रुपमा विकास गरिनेछ।

८.४.७. कृषि शिक्षा, अनसुन्धान र प्रसारलाई प्रभावकारी बनाईने सम्पूर्ण कृषि अनुसन्धानलाई नियमन गर्ने नीति लिईनेछ।

८.४.८. शिक्षा, अनुसन्धान र प्रसारमा क्रियाशील बाली वस्तु विशेषका निकायहरु बिचको सहकार्यलाई कार्यमूलक बनाउन प्रभावकारी समन्वय संयन्त्रको विकास गरिनेछ। यस संयन्त्रलाई बीउ, वेर्ना, विरुवा, नश्ल, प्रविधि र औजार उपकरणको प्राविधिक मापदण्ड र प्रोटोकल निर्धारण गर्ने कार्यमा क्रियाशील र जिम्मेवार बनाईनेछ।

८.४.९. सबै कृषि पारिस्थितिक क्षेत्रको प्रतिनिधित्व र समन्वय हुने गरी कृषि अनुसन्धान प्रणालीको सञ्जाल विस्तार गरिनेछ।

८.४.१०. विभिन्न विद्यालय अन्तर्गतका कृषि शिक्षा सम्बन्धी अध्ययन संस्थाहरुलाई वडा स्तरमा समानुपातिक उपस्थिति हुने गरी विस्तार गर्न प्रेरित एवं समन्वय गरिनेछ।

८.४.११. कृषि शिक्षा, अनुसन्धान र प्रसार सम्बद्ध निकाय एवं निजीस्तरका प्रयोगशालाहरु (माटो, बीउ, बाली संरक्षण, पशु आहारा, पशुपन्छी रोग अन्वेषण र मत्स्यलाई समन्वयात्मक रुपमा संचालन गरिनेछ।

८.४.१२. कृषि शिक्षा अध्ययनरत विद्यार्थीहरुलाई कृषि र कृषकका समस्या र सवालहरुमा व्यवहारिक ज्ञान सिप दिलाई भविष्यमा प्रभावकारी प्राविधिक सेवा प्रवाहमा सक्षम बनाउन कृषि अनुसन्धान र प्रसारका संचालित कार्यक्रम क्रियाकलापहरुमा ओजेटी, शोधपत्र अनुसन्धान र इन्टर्नसिपको रुपमा परिचालन गरिनेछ।

८.४.१३. कृषि शिक्षा, अनुसन्धान र तीनै तहका प्रसार सम्बद्ध निकाय एवं उद्यमी व्यवसायीहरु सबैको सहभागिता हुने गरी चक्रिय प्रणाली अनुसार एकिकृत कृषि प्रदर्शनी नियमित रुपमा संचालन गरिनेछ ।

८.४.१४. कृषि क्षेत्रका नीतिगत विषयहरुको अनुसन्धान, विश्लेषण, नीति तर्जुमा तथा नीति कार्यान्वयनको अवस्था अध्ययन गर्ने कार्यलाई प्रभावकारी बनाउन कृषि नीति सम्बन्धी वर्तमान संस्थागत व्यवस्थाको पुनर्संरचना गरिनेछ ।

**घ. प्रयोगशाला, फार्म केन्द्र, तालिम केन्द्र, क्वारेण्टाइन र श्रोत संरक्षण केन्द्र**

८.४.१५. परीक्षण तथा प्रयोगशाला सेवाका लागी प्रयोगशालाहरुको स्थापना गरिनेछ । प्रयोगशालाहरुबाट प्रदान गरिने परीक्षण र प्रयोगशालाको स्तर निर्धारण गरी तदनुरुपका पूर्वाधार, जनशक्ति तथा अन्य व्यवस्थाहरु मिलाइनेछ ।

८.४.१६. फार्म केन्द्रहरुलाई समेत सम्बन्धित विषयको विशिष्टिकृत तालिम केन्द्रको रुपमा विकास गरी उच्च स्तर तथा विषय विशेषको विशिष्टिकृत तालिमको माग भएमा माथिल्लो तहको तालिम केन्द्रसँग समन्वय गरी तालिम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

८.४.१७. फार्म केन्द्रहरुवाट उत्पादित बाली तथा वस्तु विशेषका वीउ, बीजन, बेर्ना, विरुवा, पशुपन्छी तथा मत्स्यका नश्न आदिको सबै तहमा समानुपातिक वितरणलाई सुनिश्चित गर्न आ-आफ्नो क्षेत्रसँग सम्बन्धित विषयमा उक्त उत्पादन सामाग्रीहरुको वार्षिक वासलात तयार गर्ने सम्बन्धी सफ्टवयेरको विकास गरिनेछ, यस्ता सफ्टवयेरहरुलाई सम्बन्धित सबै फार्मकेन्द्रहरुसँग जोडिने व्यवस्था मिलाई उत्पादन र विक्रिको अवसर उपलब्ध हुने गरी विकास गरिनेछ ।

८.४.१८. फार्म केन्द्रहरुबाट उत्पादन गरिने उत्पादन सामाग्रीहरुको मुल्यमा एकरुपता प्रदान गर्न सम्बन्धित निकायले राजपत्रमा प्रकाशित मूल्यलाई नै आधार बनाई बिक्रिवितरण गरिनेछ। सम्बन्धित निकायले यसरी मूल्य निर्धारण गर्दा सम्बन्धित फार्म केन्द्रसँग समन्वय गर्नेछन्।

८.४.१९.आन्तरिक क्वारेन्टाइन सम्बन्धी व्यवस्थालाई कडाईका साथ लागु गरिनेछ । सबै तहका सरकार अन्तर्गत रहेका कृषि निकायसँग समन्वय गरी आन्तरिक क्वारेन्टाइन सम्बन्धी अलग्गै निर्देशिका तयार गरी लागु गर्न सक्नेछ।

८.४.२०. साविकको  कृषि तथा पशु सेवा केन्द्रलाई यस गाउँपालिका अन्तर्गतको तालिम केन्द्र र श्रोत संरक्षण केन्द्रका रुपमा स्थापना गरिनेछ ।

**इ. जनशक्ति**

८.४.२१. महत्वपूर्ण विषयमा अध्ययन, अनुसन्धान आदि गर्नुपर्ने अवस्था आइपरेमा सम्बन्धित तहमा उक्त कार्य गर्न सक्ने जनशक्ति उपलब्ध नभएमा छोटो अवधिको लागी अन्य निकायहरुमा भएका त्यस्ता दक्ष एवं विशेषज्ञ जनशक्तिलाई उक्त अध्ययन, अनुसन्धान गर्ने अवधिसम्मका लागी सम्बन्धित सरोकारवाला निकायसंग समन्वय गरी विशेषज्ञ सेवा आदान प्रदान गर्न सक्ने व्यवस्था मिलाइनेछ।

८.४.२२. कार्यरत कर्मचारीहरुलाई वृत्ति विकासको समान अवसर दिलाउन र विशेषज्ञता सहितको जनशक्ति विकास गर्न वृत्ति विकासका अवसरहरु जस्तैः स्वदेशी तथा वैदेशिक तालिम, भ्रमण लगायतका कार्यक्रमहरुमा आवश्यकता हेरी समानुपातिक तवरमा अवसरहरु प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

**च. विविध (खाद्य संकट, खाद्य स्वच्छता र बजारिकरण)**

८.४.२३. विभिन्न प्राकृतिक प्रकोप, महामारी, लगायतका मानव सिर्जित अन्य समस्याहरुका कारण जनताको खाद्य तथा पोषण सुरक्षामा आँच पुग्ने अवस्था देखापरेमा र गा.पा. एक्लैले उक्त समस्याको समाधान गर्न नसक्ने अवस्थामा माथिल्लो तहको सरकारलाई बजेट, जनशक्ति वा अन्य सबै प्रकारका सहयोग उपलब्ध गराउन अनुरोध गर्नेछ। यसका लागि आकस्मिक सेवा प्रदान गर्ने संयन्त्रको विकास र आवश्यक पूर्वाधार, जनशक्ति एवं बजेटको व्यवस्था मिलाइनेछ।

८.४.२४. खाद्य स्वच्छता सम्बन्धमा नीति बनाउने, ऐन नियम तथा खाद्य पदार्थको मापदण्ड तोक्ने, निर्देशिका तथा मार्गदर्शन तयार गर्ने, संघ संस्थासँग समन्यव गर्ने जस्ता कार्य गर्ने व्यवस्था मिलाइने छ। खाद्य गुण नियन्त्रणसँग सम्बन्धित अन्य कार्यक्रमहरु संचालन गरिनेछ ।

८.४.२५. वातावरण, मानव स्वास्थ, पशुपन्छी एवं जैविक विविधतालाई नकारात्मक असर पुर्याउने गरी कुनैपनि कृषि उपजको उत्पादन, आयात र निर्यात गर्न नपाइने कुराको आवश्यक समन्वय गरी लागु गरिनेछ।

८.४.२६. स्थानीय कृषि उपज बजारहरुको विकास र विस्तार गरिनेछ। सबै बजारहरुलाई राष्ट्रिय सञ्जालमा जोड्नको लागि पहल गरिनेछ । उत्पादक, व्यापारी, उपभोक्ताको हितलाई ध्यानमा राखी सामान्य अवस्थामा जुनसुकै स्थानमा उत्पादित उपजलाई बिनारोकतोक विक्रिवितरण तथा उपभोग गर्ने व्यवस्था मिलाइनेछ।

८.४.२७. संघिय र प्रादेशिक सरकारहरूको समन्वयमा खाद्यान्न जगेडा भण्डार (बफर स्टक) को व्यवस्था गरिनेछ। बाली बस्तुहरुको मागको आधारमा आपसी समन्वयमा उत्पादन तथा वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

## ९. संस्थागत संरचना

नीतिगत व्यवस्था भएबमोजिमका कृषि विकासका नीति तथा सो बमोजिमका कार्यक्रम कार्यान्वयनमा विभिन्न निकायहरू र सरोकारवाला बिच समन्वयको जरूरत पर्दछ। कार्यान्वयनका लागि नीतिगत विश्लेषण र तर्जुमा, अनुगमन, कानुनी र नियमन क्षमताहरू आवश्यक पर्दछन्। सरकारी, निजी तथा सहकारीको साझेदारी अवधारणा अनुसार हाल कृषि विकास कार्यक्रममा प्रत्यक्ष वा परोक्ष तवरले संलग्न कृषकलगायत अन्य सरोकारवाला निकाय समेटिने गरि निम्नानुसारका संस्थागत संरचना तयार गरिनेछ।

## ९.१. स्थानीय कृषि विकास समिति

स्थानीय तहका प्रमुखको अध्यक्षतामा अथवा कार्यपालिकाले तोकेको सभा सदस्य को अध्यक्षतामा गाउँपालिकामा एक स्थानीय कृषि विकास समिति रहनेछ। यस समितिमा गाउँपालिकास्तरका सरोकारवालाहरुको सहभागिता रहने छ।

**९.२. कृषि नीति कार्यान्वयन तथा अनुगमन समिति**

कृषि तथा पशु विकास शाखा प्रमुखको संयोजकत्वमा कृषि नीति कार्यान्वयन तथा अनुगमन समिति रहने छ।

**९.३. कृषि समन्वय समिति**

कृषि शिक्षा, अनुसन्धान र प्रसारका कार्यक्रमका बीच समन्वय स्थापित गराउन र नीति तथा कार्यक्रम कार्यान्वयन गर्न प्र.प्र.अ. को संयोजकत्वमा सम्बन्धित विषयगत शाखा र कृषि सम्बन्धी अध्यापन गराउने शैक्षिक संस्थाको प्रतिनिधित्व हुने गरी एक कृषि समन्वय समिति गठन गरी कार्यान्वयनमा लगाईनेछ।

**९.४. कृषि नीति अनुसन्धान प्रतिष्ठान**

कृषि सम्बन्धी नीतिहरुको अध्ययन, अनुसन्धान, विश्लेषण गरी नियमित रूपमा समितिलाई सुझाव दिन कृषि नीति अनुसन्धान प्रतिष्ठान गठन गरिनेछ।

**९.५. बजारिकरण सम्बन्धी संरचना**

कृषि वस्तुहरुको न्यूनतम मूल्य निर्धारण, खरिद, बजार व्यवस्था र बजार नियमनका लागि एक अलगै निकाय स्थापना गरिने छ। यसले किसानको राष्ट्रिय कृषि बजारको अवधारणा समेत कार्यान्वयन गर्नेछ।

**१०. आर्थिक पक्ष**

यो नीति र यस नीति वमोजिम कृषि विकासका कार्यक्रम कार्यान्वयन गर्न संघिय तथा प्रादेशिक सरकार र संघ संस्थाहरुको तर्फबाट प्राप्त हुने ऋण अनुदान एकद्वार प्रणालीबाट उपलब्ध गराउने गरी वार्षिक बजेट बक्तव्य मार्फत व्यवस्थित गरिनेछ। त्यसैगरि आवश्यकता अनुसार अन्य धोत साधन परिचालन हुने गरी व्यवस्थित गरिनेछ।

## ११. कानुनी व्यवस्था

यस नीतिको प्रभावकारी कार्यान्वयन गर्नको लागि आवश्यकता अनुसार ऐन, नियम तथा निर्देशिका, कार्यविधि र मापदण्डहरु तर्जुमा गरी लागु गरिनेछ ।

## १२. अनुगमन र मूल्यांकन

यस नीतिको प्रभावकारी कार्यान्वयन गर्नको लागि अनुगमन र मूल्याङ्कन कार्यमा जिम्मेवार संस्थागत संरचनामा उल्लेखित सरकारी निकायहरु तथा अन्य सरोकारवाला संघ संस्थाको संलग्नतालाई सुनिश्चित गरि सहभागितात्मक एवं समन्वयात्मक पद्धतिलाई बढावा दिइनेछ । अनुगमन र मूल्याङ्कनमा संयोजनको भूमिका कृषि तथा पशु विकास शाखाले गर्नेछ ।

## १३. जोखिम

यस नीतिको प्रभावकारी कार्यान्वयनवाट कृषि विकासमा टेवा पुग्ने भएकोले उल्लेखनीय जोखिम हुने देखिदैन ।

## १४. बाधा अडकाउ फुकाउने

यस नीतिको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अडकाउ परेमा वा समस्या उत्पन्न भएमा गा.पा. त्यस्तो बाधा अडकाउ फुकाउन आवश्यक निर्णय गर्नेछ।

**आज्ञाले,**
**रमेश सुनुवार**
**प्रमुख प्रशासकीय अधिकृत**